**नेपाली / *NEPALI***

कुलपति Blank: *Smart Restart* योजनाहरूको गर्मी महिनाको अपडेट

*UW* कर्मचारीहरू,

म आशा गर्दछु कि तपाईंले राम्रो मौसमको आनन्द र यो असामान्य र कठिन गर्मीको समयमा तपाईंको सामान्य गतिविधिहरुबाट विश्राम लिनुभएको छ। सेप्टेम्बर २ बाट हाम्रा विद्यार्थीहरूलाई हाइब्रिड निर्देशनको लागि क्याम्पसमा फर्काउने योजना सहित हामीले *Smart Restart* पहल सुरु गरेको एक महिना भन्दा बढी भएको छ।

त्यस समयमा, न त विश्वव्यापी महामारी न नै हाम्रो संस्था केही नगरी बसेको थियो। आज, म तपाईंलाई हाम्रो तयारी र हाम्रो योजना बनाउने क्रमलाई प्रभाव पार्ने केही हालसालैको कुराहरूको अपडेट दिन चाहन्छु।

हामी विश्व-स्तरीय शिक्षा र अनुसन्धान संस्थाको रूपमा हाम्रो उद्देश्य प्रति प्रतिबद्ध छौं। एक प्रमुख आवासीय विश्वविद्यालयको रूपमा, हामी आमने-सामने निर्देशनको महत्त्वमा गहन विश्वास गर्दछौं। यो विशेष गरी ती विद्यार्थीहरूको लागि साँचो हो जोसँग उच्च स्तरको प्रविधि, भरपर्दो ईन्टरनेट, वा प्रभावकारी शिक्षाको लागि अनुकूल आवासीय वातावरण छैनन्। यी कारणहरूको लागि, हामीलाई लाग्दछ कि जहाँ सक्छौं हामीले सुरक्षित रूपमा प्रशिक्षणका गतिविधिहरू क्याम्पसमा फिर्ता लिएर आउन महत्त्वपूर्ण छ। त्यसै गरी, महत्त्वपूर्ण अनुसन्धानका केही कार्यहरू केवल क्याम्पसमा मात्र गर्न सकिन्छ।

हामीले विद्यार्थी, कर्मचारी र संकायको स्वास्थ्य जोखिम कम गर्न सक्दो गरिरहेका छौं। हाम्रा योजनाहरू भर्खरको विज्ञान र जनस्वास्थ्य जानकारी द्वारा सूचित गरिएको छ। तीनमा बलियो परीक्षण प्रणाली, *contact tracing*, लक्षण निगरानी, बढाईएको सरसफाई प्रोटोकल, भौतिक दूरी सम्भव नहुने विश्वविद्यालयका भवनहरू र सार्वजनिक ठाउँहरूमा अनुहार ढाक्न अनिवार्यता र सबै कक्षाकोठाहरूमा भौतिक दूरी समावेश छन्। आमने-सामने र टाढाबाट निर्देशनको मिश्रणको हाम्रो योजनाहरूको साथ यी कदमहरूले हामीलाई यस शरद ऋतुमा केही क्याम्पसका गतिविधिहरू फेरि खोल्ने हाम्रो क्षमताको बारेमा आशावादी बनाउँदछ।

डेन काउन्टी र *Wisconsin* राज्य भित्रको *COVID-19* केसहरूको हालसालैको वृद्धिलाई हामी होसियारीपूर्वक अनुगमन गरिरहेका छौं। हामीले हालसालैका हप्ताहरूमा डेन काउन्टी भित्र ती सङ्ख्याहरूमा केही सुधार देख्न सुरु गरेका छौं र यी प्रवृत्तिमा स्थानीय अधिकारीहरूसँग नजिकको सम्पर्क राखीरहेका छौं। हामी यस समयमा हाम्रो फेरि खोल्ने योजनाहरू बदल्नेछैनौं।

अहिले सफलतापूर्वक घरैबाट काम गरिरहेका र यस शरद ऋतुमा आफ्ना जिम्मेवारीहरू पूरा गर्न क्याम्पसमा हुन आवश्यक नभएका कर्मचारीहरूलाई, घरैबाट काम गरिरहन अपेक्षा गरिन्छ। कर्मचारीहरू जो कामको लागि क्याम्पसमा फर्कने छन् उनीहरूले अगस्टको सुरुमा आफ्नो सुपरभाईजरबाट निर्देशनहरू पाउनुपर्नेछ। यदि तपाईं आफ्नो र आफ्नो युनिटको शरद ऋतुको योजनाहरूको बारेमा स्पष्ट हुनुहुँदैन भने, म तपाईंलाई तपाईंको सुपरभाईजरलाई सम्पर्क गर्न आग्रह गर्दछु।

व्यक्तिगत उपस्थिति आवश्यक पर्ने कामका लागि, युनिटहरूलाई कुनै पनि ठाउँमा एक पटकमा कर्मचारीहरूको सङ्ख्या घटाउन क्याम्पसका (*on-site*) कार्य तालिकालाई बदल्न निर्देशन दिईदैछ। यो विशेष गरी धेरै साझा क्षेत्र भएका वातावरणहरूको लागि महत्वपूर्ण छ।

मलाई थाहा छ तपाईंहरू मध्ये धेरैको स्कूल जाने बच्चाहरू घरमा नै छन्, र हामीले यो पनि विचारमा राखेका छौं *Madison Metropolitan School District* सहित धेरै डेन काउन्टीका *K-12* स्कूलका जिल्लाहरूलाई कम्तिमा अक्टोबर सम्म अन्लाईन शिक्षाको साथ यस वर्षको सुरुवात गर्ने योजना घोषणा गरेका छन् ।

हामीलाई थाहा छ कि यो हाम्रो परिवारहरूको लागि कत्तिको गाह्रो छ किनकि यसको मतलब यो हो कि तपाईंहरू धेरैले आफ्नो बच्चाहरूको शिक्षा गतिविधिहरू र बच्चाको हेरचाह आवश्यकताहरू तपाईंको कामको तालिकासँगै सँभाल्नुहुनेछ । जो यस्तो परिस्थितिको अनुभव गर्दैहुनुहुन्छ तपाईंलाई तपाईंको सुपरभाईजरसँग कुरा गर्न प्रोत्साहित गर्दछु । जहाँ सम्भव छ, हामी कामको तालिकामा लचिलोपन प्रदान गर्ने प्रयास गर्नेछौं ।

जसरी हामी क्याम्पस बाहिरका घटनाक्रमहरू ट्रयाक गर्दैछौं, हामी क्याम्पसमा हाम्रो *Smart Restart* का तयारीहरूसँग अगाडि बढ्दै गईरहेका छौं । हालसालैका हप्ताहरूमा हामीले थुप्रै सेवाहरू खोलेका छौं, जस्तै *Terrace*, पुस्तकालयहरू र *Chazen Museum of Art* बाट सामग्री टिप्ने, र शरद सेमेस्टर अगाडि अन्य थुप्रै कुराहरूमा काम जारी राख्दैछौं ।

हालसालैका दिनहरूमा, हामीले अन्तर्राष्ट्रिय विद्यार्थीहरू, परीक्षण योजनाहरू, प्रशिक्षक सुरक्षा, कर्मचारी सुरक्षा, विद्यार्थी पाठ्यक्रम छनोट र समग्र फेरि खोल्ने योजनाहरूको समर्थनमा थप जानकारी पनि जारी गरेका छौं । मैले पहिले भने जस्तै, क्याम्पसका अगुवाहरूले आयोजना गरेका टोलीहरू क्याम्पस वरिपरिको सयौं सदस्यहरूसँग मिलेर काम गरिरहेका छन् ।

मलाई माफ गर्नुहोस् तर हामीसँग राज्यबाट आएको बजेटको खराब समाचार छ । गभर्नर Evers ले चालू आर्थिक वर्षमा राज्य सरकारमा $२५० मिलियन डलरको बचतको लागि आग्रह गरेका छन् जुन जुलाई २०२० देखि जून २०२१ सम्म चल्नेछ । यसको मतलब राज्यका संस्थाहरूले आफ्नो खर्चलाई यस बर्षमा यस रकमले कम गर्नुपर्नेछ । *UW* प्रणालीको ठ्याक्क कटौती अझै स्पष्ट नभएतापनि, यसको अर्थ यो पक्का हो कि क्याम्पसले वर्षभरी राज्य कोषहरूमा ठूलो थप कटौतीको सामना गर्नुपर्नेछ । प्रणालीका अन्तरिम अध्यक्ष Tommy Thompson ले प्रणाली भरी यी घाटाहरू कम गर्न गरिरहेको काम प्रति म आभारी छु । *UW* प्रणालीका स्कूलहरू अर्थव्यवस्थाको केन्द्रीय चालक हुन् र विश्वव्यापी महामारीको कारणले पहिले देखि नै ठूलो राजस्व घाटाको सामना गरिरहेका छन् ।

म स्पष्ट पार्न चाहन्छु कि यस शरद ऋतुमा कक्षाको हाइब्रिड मोडेल प्रस्तुत गर्ने हाम्रो निर्णयमा आर्थिक विचाहरहरू प्राथमिक बल नभएतापनि यो कुरा साँचो हो कि अर्को वर्षको हाम्रो बजेट पनि विद्यार्थीको फिर्तीले धेरै प्रभावित भएको छ । यस क्षणमा, हामी एक बलियो फर्कने कक्षाको अपेक्षा गर्दछौं, तर यस शरद ऋतुमा स्कूल नखुलेसम्म केही पनि पक्का छैन । शरद सेमेस्टर सुरु भएपछि म हाम्रो आर्थिक स्थिति र हाम्रो क्याम्पसमा बजेट कटौतीका प्रभावहरूका बारेमा विस्तृत जानकारीको साथ सम्पर्क गर्नेछु । हामी त्यस समयमा राज्य कोषहरूको कटौतीको बारेमा थप कुरा पनि जान्नेछौं ।

हामी यी घटनाक्रमहरूलाई प्रशासनको नेतृत्वसँग भेटेर, विभिन्न दर्शकहरू प्रति लक्षित प्रत्यक्ष वेब कुराकानीहरू आयोजना गरेर, ईमेल द्वारा तपाईंको प्रश्नहरूको उत्तर दिएर र *Smart Restart* वेबसाईटमा सबैभन्दा भर्खरको जानकारी पोस्ट गरेर कुराकानी गर्न सकेसम्म जारी राख्दैछौं । वेबसाईटको साथसाथै, शरद सेमेस्टरको बेलामा स्वास्थ्य र सुरक्षा प्रोटोकलहरूको लागि हाम्रो अपेक्षाहरू वरपर हाम्रो शैक्षिक अभियान थाल्ने योजना छ ।

विश्वव्यापी महामारीले हाम्रो जीवनको विभिन्न स्तरहरूमा दैनिक रूपमा सिर्जना गर्न जारी राखेको निराशा, चिन्ता र तनावलाई मैले बुझेको छु । म आशावादी छु, जब म हाम्रा स्वास्थ्यकर्मीहरू र हाम्रो अनुसन्धानकर्ताहरूले यस रोगलाई बुझ्न र हराउन

सहयोग गरिरहेका छन् भन्ने प्रयासका बारेमा सुन्दछु। म यस समयमा हाम्रो समुदाय र राज्यलाई सम्पर्क गरेर सहयोग पुऱ्याउने धेरै क्याम्पस प्रयासहरूको पनि कदर गर्दछु, चाहे यी इन्जिनियरहरू हुन् जसले भाइरसको फैलावटलाई ढिलो पार्न र रोक्न व्यक्तिगत सुरक्षात्मक उपकरणहरू डिजाइन गरिरहेका छन्, वा सामाजिक विज्ञान र मानविकी विज्ञहरू जसले मानिसहरूलाई यसको सामना गर्न सहयोग गरिरहेका छन्। मिलेर काम गरे, हामी यी कठिन समयलाई पार गर्नेछौं।

म तपाईंलाई आउने हप्ताहरूमा नयाँ घटनाक्रमहरूको साथ अपडेटमा राख्नेछु। यस बीचमा, कृपया अनुहार ढाक्ने लगाउन जारी राख्नुहोस्, आफ्नो दूरी कायम राख्नुहोस् र आफ्ना हातहरू धुनुहोस्! म तपाईंहरूलाई चाँडै भेट्न र अर्को महिना क्याम्पसमा काममा फर्केर आएको देख्न आशा गर्दछु।

कुलपति Rebecca Blank